ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

# नेपाली धातुको संरचनात्मक स्वरूप

सहप्राध्यापक डा. यज्ञेश्वर निरौला

त्रिभुवन विश्वविद्यालय

ORCiD ID: 0009-0002-2796-2202

niraulayagyeswar@gmail.com

https://doi.org/10.3126/gyandeep.v10i2.77330

## लेखसार

भाषाको केन्द्र वाक्य, वाक्यको केन्द्र क्रिया र क्रियाको केन्द्र धातु हो । धातुबाटै भाषाको बीजाङ्कुरण हुन्छ, हुर्कन्छ, लहराउँछ र वाक्यात्मक संरचनाका महत्त्वपूर्ण पक्षको विकास हुन्छ । हरेक भाषामा क्रियामूलको रूपमा रहेका धातुको आफ्नै विशिष्ट संरचनात्मक स्वरूप हुन्छ । नेपाली भाषाका धेरैजसो धातु मौलिक प्रकृतिअनुरूप आफैँ बनेका छन् भने केही धातु नामिक शब्दमा अथवा मूल धातुमा नै प्रत्यय लगाएर बनाइएका छन् । नेपाली भाषाको मौलिक प्रकृतिअनुरूप बनेका मूल धातु हुन् भने प्रत्यय लगाएर बनाइएका धातु व्युत्पन्न हुन् । अक्षर संरचनाका आधारमा मूल धातु एकाक्षरी र अनेकाक्षरी छन् भने रचना आकृतिका आधारमा स्वरान्त र व्यञ्जनान्त छन् । अकर्तृवाचक, प्रेरणार्थक र नामधातु गरी व्युत्पन्न धातु तीन किसिमका छन् र सबै व्युत्पन्न धातु अनेकाक्षरी स्वरान्त छन् । बनाइएका धातु प्रातिपदिकका रूपमा रहेका हुन्छन् र यिनै प्रातिपदिकबाट नेपाली भाषामा क्रियापदका कैयौँ रूप बनेर प्रयोगमा रहेका पाइन्छन् । नेपाली भाषाका कथ्य र लेख्य दुबै भेदमा प्रयोग हुने क्रिया मूललाई प्राथमिक सामग्री मानिएको यस अनुसन्धानात्मक लेखमा नेपाली भाषा एवम् यस भाषाका विभिन्न भाषिकामा प्रयोग हुने धातुको निर्माण प्रक्रिया तथा स्रोतसहितलाई विश्लेषण गरिएको छ साथै नेपाली भाषामा प्रयुक्त धातुहरूको संरचना एवम् तिनको अवस्थालाई पनि प्रस्तुत गरिएको छ ।

***शब्दकुञ्जी :*** भाववाचक नाम, भाषाको अनौपचारिक भेद, विध्यर्थक क्रिया, शब्दमूल, समापक क्रिया ।

## विषयपरिचय

शब्दमूलमा विशेष अर्थका लागि प्रत्यय थपिँदा क्रियापद बन्दछ र त्यही क्रियापदको मूल शब्दलाई धातु भनिन्छ (पण्डित, १९६९, २०४२, पृ. १४४) । पण्डितले धातुलाई शब्दमूलका रूपमा लिएका छन् । उनकाअनुसार हिँड्नु जानु, रुनु, लिनु इत्यादि 'नु' अन्त्यमा हुने भाववाचक नामको जो अर्थ र धातुको अर्थ उस्तै हुन्छ । हिँड्नु जानु, रुनु, लिनु इत्यादि भाववाचक नाममा 'नु' अंश छोड्दा बाँकी रहने भाग धातु हुन् । विभिन्न विद्वान्हरूले नेपाली धातुका बारेमा आआफ्नो ढङ्गले परिभाषित गरेका छन् । क्रियाका साधारण रूपमा 'नु' लागेर बनेका हिँड्नु जानु, रुनु, लिनु बस्नु, खानु, पढ्नु, हेर्नु, आदि क्रियार्थ संज्ञा हुन् र यिनै क्रियार्थ संज्ञाबाट 'नु' झिक्ता जति बाँकी रहन्छ ती धातु हुन् (पराजुली, २०२३, पृ. २८) । पराजुली (२०२३) ले यिनै धातुबाट बनेका क्रिया काम वा फलका आधारमा सकर्मक र अकर्मक गरी दुई किसिमको हुने उल्लेख गरेका छन् । जुन मूल शब्दबाट भिन्न भिन्न अर्थ बुझाउन भिन्न भिन्न प्रत्यय भई समापक वा असमापक क्रियापद बन्दछन्, तिनलाई धातु भन्दछन् (भट्टराई, २०३३, पृ. १५८) । भट्टराईका अनुसार गर्नु, खानु, जानु, रुनु, धुनु आदि भाववाचक शब्दबाट 'नु' प्रत्यय छुटाउँदा जति अंश बाँकी रहन्छ त्यति अंश, अर्थात् क्रियापदका मूल रूप 'धातु' हुन् । जानु, गर्नु, खानु आदि भाववाचक शब्दको जुन जति अर्थ हुन्छ, मूल धातुको पनि त्यही त्यति नै अर्थ हुने उनको धारणा छ । क्रियाको पहिलो अवस्था वा क्रियाको मूल रूपलाई धातु भनिन्छ (चापागाईं, २०४०, पृ.

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

१५३) । उनकाअनुसार बस्नु, खानु, गाउनु, उफ्रनु, दिनु, मानिनु, लहरिनु, कुम्लिनु, गोलिनु, गोब्र्याउनु, भित्रिनु, झर्झराउनु, टुप्लुक्किनु आदि क्रियाबोधक नाममा 'नु' हटाइदिँदा बाँकी रहने बस्, खा, गाउ, उफ्र, दि, मानि, लहरि, कुम्लि, गोलि, गोब्र्याउ, भित्रि, झरझराउ, टुप्लुक्कि आदि धातु हुन् । प्रस्तुत शोधमूलक लेखमा नेपाली भाषामा प्रयोग हुने धातुहरूको संरचनात्मक स्वरूप के कस्तो छ भन्ने शोधसमस्या रहेको छ भने नेपाली भाषामा प्रयोग हुने धातुहरूको संरचनात्मक स्वरूपका बारेमा चर्चा गरी निष्कर्षमा पुग्नु यस शोध लेखको उद्देश्य रहेको छ ।

## अनुसन्धान विधि र सैद्धान्तिक अवधारणा

गुणात्मक ढाँचामा अध्ययन भएको हुनाले यस शोधलेखमा क्रियापदको मूल रूप धातुसम्बन्धी सैद्धान्तिक विमर्श गरी नेपाली भाषामा प्रयोग हुने धातुहरूको संरचना एवम् तिनको वर्गीकरण एवम् स्रोतका बारेमा चर्चा गरिएको छ । यस अनुसन्धान लेखन कार्यमा एपीए अनुसन्धान शिल्प पद्धतिमा प्रचलित सातौँ संस्करणको ढाँचालाई उपयोग गरिएको छ ।

प्रस्तुत शोधलेखमा नेपाली भाषामा प्रयुक्त धातुसम्बन्धी सामग्री सङ्कलनका लागि नेपाली मातृभाषाका वक्ता र तिनको बोलीलाई सूचकका रूपमा लिइएको छ । धातु परिचयको विषयलाई लिएर लेखिएका लेखरचना, पुस्तक, शोधपत्र आदिलाई पनि सूचकका रूपमा लिइएको छ र यिनै सूचकबाट तथ्य सङ्कलन गरिएको छ । प्रस्तुत अध्ययनमा नेपाली भाषाका वक्ताले व्यवहारका विविध क्रियापकलापहरूमा नेपाली भाषा बोल्दा प्रयोगमा आउने क्रियापद र ती क्रियापदको मूल धातुलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ । नेपाली भाषामा प्रयोग हुने धातु र तिनको संरचना, प्रकार र स्रोतका बारेमा लेखिएका सम्बन्धित पुस्तक, लेखरचना, शोधपत्र आदिलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । नेपाली भाषामा उपयोग हुने धातुहरूको स्वरूपलाई तथ्य मानेर प्राथमिक सामग्री सङ्कलन गरिएको छ भने पुस्तकालयीय कार्यबाट द्वितीयक सामग्री सङ्कलन गरिएको छ ।

सामग्री विश्लेषणका लागि विशेष गरी भट्टराई (२०३३), र पोखरेल (२०५४) को नेपाली धातुसम्बन्धी अवधारणालाई उपयोग गरिएको छ । प्राप्त तथ्यलाई विश्लेषण र त्यसको पुष्टिका निम्ति नेपाली भाषामा प्रयोग हुने धातुलाई उदाहरण समेत दिइएको छ । उदाहरणसहित नेपाली धातुको समीक्षात्मक विश्लेषण गरी ती धातुको संरचनात्मक स्वरूप के कस्तो छ भन्ने निष्कर्षमा पुगिएको हुँदा यस लेखमा विश्लेषणको निगमनात्मक र आगमनात्मक दुवै विधि प्रयोग गरिएको छ ।

संस्कृत भाषाविद्हरूले नाम, आख्यात, उपसर्ग र निपात गरी भाषामा चार प्रकारका पद हुने उल्लेख गरेका छन् । आचार्य शाकटायनले सबै खाले नामपद आख्यातबाटै निर्माण हुने उल्लेख गरेका छन् (चतुर्वेदी, सन् २०११, पृ. २३२) । उनले आख्यात भनेर क्रियालाई भनेका हुन् । जति शब्द छन् ती सबै धातुबाटै निर्माण हुने निरुक्तकार यास्कको पनि मत रहेको छ । उनकाअनुसार शब्दको विविध रूप धारण गर्ने, निष्पादन गर्ने अथवा शब्दको अन्तःप्रविष्टि गर्ने मूल रूप नै धातु हो भनेर चतुर्वेदी (सन् २०११) ले सूचना दिएका छन् । वास्तवमा कुनै काम गर्ने वा हुने अर्थको बोध हुन्छ त्यसलाई क्रिया भन्ने गरिन्छ । तिनै क्रियाको मूल रूप नै धातु हो । 'भगवती कथा लेखिछन्' यस वाक्यमा 'भगवती' कर्ताद्वारा लेख्ने काम भएको अर्थबोध भएको छ । 'लेख्ने काम भएको' भन्ने अर्थ बुझाउन प्रयोग भएको 'लेखिछन्' शब्द क्रिया हो । 'लेखिछन्' को मूल रूप 'लेख्' मा 'हु' को संरूप 'छ' र त्यसपछि तृतीय पुरुष, एकवचन, स्त्रीलिङ्ग, सामान्य आदरबोधक प्रत्यय 'इन्' जोडिएपछि 'लेखिछन्' रूप बनेको छ । तसर्थ 'लेखिछन्' को मूल रूप 'लेख्' धातु हो । नेपाली भाषामा लेख्, पढ्, गर्, तोक्, छिन्, ढल्, छोड्, खा, जा, दि, आउ, धु, मानि, लहरि, कुम्लि, गोलि, गोब्र्याउ, भित्रि,

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

झरझराउ, टुप्लुक्कि, गाउ, उफ्र आदि धातुबाट बनेका क्रियापद चलनचल्तीमा रहेका छन् । धातुलाई अङ्ग्रेजीमा शब्दमूल भन्ने गरिन्छ भने संस्कृतमा शब्दनिर्माण गर्दा आउने मूल प्रकृति भन्ने गरेको पाइन्छ ।

## नतिजा र विमर्श

प्रस्तुत शोधलेखमा नेपाली भाषामा प्रयोग हुने धातुहरूलाई विभिन्न आधारमा वर्गीकरण गर्दै यहाँ ती धातुहरूको संरचनात्मक स्वरूपका बारेमा  विश्लेषण गरिएको छ ।

### नेपाली धातुका प्रकार

भट्टराई (२०३३) ले नेपाली धातुलाई बनोटका आधारमा सिद्ध र साधित गरी दुई प्रकारमा विभाजन गरेका छन् । प्राकृतिक मूल रूपमा नै बनेको धातुलाई सिद्ध धातु भनिन्छ । गर्, भन्, जा, खा आदि सिद्ध धातु हुन् । सिद्ध धातु वा कुनै नामिक शब्दमा ‘आउ’ आदि प्रत्यय लागेर बनेका धातुलाई साधित धातु भनिन्छ । काम, घिन, निम्तो आदि नामिक शब्दमा ‘आउ’ अथवा ‘याउ’ प्रत्यय लागेर बनेका कमाउ, घिनाउ, नित्याउ आदि साधित धातु हुन् । पोखरेल (२०५४) ले यिनै सिद्ध र साधित धातुलाई मूल र व्युत्पन्न भनी उल्लेख गरेका छन् । यस उपशीर्षकअन्तर्गत नेपाली भाषामा प्रयुक्त धातुलाई बनोटका आधारमा मूल र व्युत्पन्न, आकृतिका आधारमा स्वरान्त र व्यञ्जनान्त एवम् स्रोतका आधारमा तत्सम, तद्भव र आगन्तुकमा वर्गीकरण गरिएको छ ।

#### *मूल धातु*

आफैँ निर्मित धातुलाई मूल धातु भनिन्छ । यस्ता धातुमा कुनै प्रत्यय लागेका हुँदैनन् । भट्टराई (२०३३) ले उल्लेख गरेका सिद्ध धातुलाई नै पोखरेल (२०५४) ले मूल धातु भनेका हुन् । नेपाली मूल धातुहरू आधारभूत रूपमा स्वरान्त र व्यञ्जनान्त गरी दुई किसिमका छन् ।

**स्वरान्त धातु :** अन्तमा स्वर आउने धातु स्वरान्त धातु हुन् । स्वरान्त धातुमा दो, दा, दी, दै प्रत्यय जोड्दा ती प्रत्ययभन्दा अगाडिको स्वरमा अनुनासिकता आउँछ (पोखरेल, २०५४, पृ. ७) । जस्तै-

(क) आउँदो, आउँदा, आउँदी, आउँदै

(ख) खाँदो, खाँदा, खाँदी, खाँदै

(ग) गाउँदो, गाउँदा, गाउँदी, गाउँदै

(घ) दिँदो, दिँदा, दिँदी, दिँदै

(ङ) फैलँदो, फैलँदा, फैलँदी, फलँदै

अक्षराकृतिका आधारमा स्वरान्त धातु दुई प्रकारका छन् । जस्तै -

***स्वरान्त एकाक्षरी धातु* :** स्वर वर्ण अन्तमा आउने र एउटा मात्र अक्षर भएको धातुलाई एकाक्षरी धातु भनिन्छ । खा, जा, दि, धु, रु, हु, सि, लि आदि एकाक्षरी धातु हुन् । स्वरान्त एकाक्षरी धातु आकारान्त, इकारान्त र उकारान्त रहेका पोखरेल (२०५४) को धारणा छ तर सुदूर पश्चिमका नेपालीका भाषिकामा स्वरान्त एकाक्षरी धातु अकारान्त पनि देखिएको छ । यहाँका भाषिकामा देखा परेको एकाक्षरी अकरान्त धातु लैजा अर्थात् लाने अर्थमा रहेको ‘ल’ हो । यो धातु कि त ‘लग्नु’ को ‘ग्’ लोप भएर कि त ‘लानु’ को ‘ला’ मा भएको ‘आ’ ह्रस्व भएर विकसित भएको हुन सक्छ । नेपालीका अरू भाषिकामा र स्तरीय नेपाली भाषामा स्वरान्त एकाक्षरी अकारान्त धातु फेला परेको छैन ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

नेपाली भाषामा आकारान्त, इकारान्त, उकारान्त स्वरान्त एकाक्षरी धातुका उदाहरण देखिएका छन् । माथिका उदाहरणमा आएका खा, जा आकारान्त एकाक्षरी धातु हुन् भने दि, लि, सि इकारान्त एकाक्षरी धातु हुन् । त्यस्तै, धु, रु, हु उकारान्त एकाक्षरी धातु हुन् । आकारान्त धातुका आफ्नै विशेषता पाइन्छ । सम्भावनार्थक तथा द्वितीय पुरुष, एकवचन, निम्न आदरको आज्ञार्थकमा आकारान्त धातुको 'आ' मा कुनै रूपान्तर हुँदैन । जस्तै -

सम्भावनार्थक - जा (जाला) खा (खाला) आदि ।

आज्ञार्थक - जा (जा) खा (खा) आदि ।

तर इकारान्त र उकारान्त धातुको विशेषता फरक छ । इकारान्त धातुबाट बनेका क्रियालाई सम्भावनार्थक र द्वितीय पुरुष, एकवचन, निम्न आदरको आज्ञार्थकमा अन्तमा रहेको 'इ' 'ए' मा रूपान्तर हुन्छ । जस्तै -

सम्भावनार्थक - दि (देला) लि (लेला)

आज्ञार्थक - दि (दे) लि (ले)

उकारान्त धातुमा रहेको 'उ' 'ओ' मा रूपान्तर हुन्छ । जस्तै -

सम्भावनार्थक - रु (रोला) धु (धोला) हु (होला) आदि ।

आज्ञार्थक -रु (रो) धु (धो) हु (हो) आदि ।

द्वितीय पुरुषको सबै विध्यर्थक क्रियामा दि र लि धातुमा रहेको 'इ' 'ए' मा रूपान्तर भएको पाइन्छ । जस्तै-

दि (दे, देऊ, देओ, देओस्, देला) आदि ।

लि (ले, लेऊ, लेओ, लेओस्, लेला) आदि ।

द्वितीय पुरुष, एकवचन, निम्न आदरको आज्ञार्थकमा 'लि' को 'ले' र 'ली' विकल्पले दुई रूप पाइन्छन् ।

***स्वरान्त अनेकाक्षरी धातु :*** स्वर वर्ण अन्तमा आउने र एकभन्दा बढी अक्षर भएका धातुलाई अनेकाक्षरी धातु भनिन्छ । अड्क, अल्प, उक्ल, उम्ल, खौर, गम्क, भुता (टुसाउ), रैजा (रह), सना (नुहाउ), उभिन्डि, कठ्याङ्ग्रि, ओझाउ, ओभाउ, ओल्साउ, पसौ (पसाउ), चितौ (चिताउ) आदि अनेकाक्षरी स्वरान्त धातु हुन् । यस खाले धातु नेपाली भाषाका सबै भाषिकामा पाइन्छन् । नेपाली भाषामा अकारान्त, आकारान्त, इकारान्त, उकारान्त, ऐकारान्त, औकारान्त धातु पाइएका छन् । माथिको उदाहरणमा आएका उक्ल, उम्ल, खौर, गम्क अकारान्त अनेकाक्षरी धातु हुन् भने भुता, रैजा, सना आकारान्त अनेकाक्षरी धातु हुन् । त्यस्तै, उभिन्डि, कठ्याङ्ग्रि इकारान्त अनेकाक्षरी धातु अनि ओझाउ, ओभाउ उकारान्त अनेकाक्षरी धातु र पसौ, चितौ औकारान्त अनेकाक्षरी धातु हुन् ।

भुता, रैजा, सना आदि आकारान्त र पसौ, चितौ आदि औकारान्त धातु सुदूरपश्चिमका भाषिकाहरूमा प्रयोग हुने धातु हुन् । ऐकारान्त धातु 'कै' पनि नेपाली भाषामा पाइएको छ । यो धातु 'कहि' को 'ह्' लोप भई 'क्' पछि आएको 'अ' र 'ह्' लोप भएर बाँकी रहेको 'इ' को संयुक्त रूप 'ऐ' जोडिएर बनेको 'कै' हुन सक्छ । अकारान्त, इकारान्त र उकारान्त धातुबाट बनेका सामान्य भूतकालको क्रिया बनाउँदा धातुको अन्तमा रहेको 'अ', 'इ' र 'उ' लोप हुन्छ । जस्तै -

अड्क (अड्क्यो) अल्प (अल्प्यो)

उभिन्डि (उभिन्ड्यो) कठ्याङ्ग्रि (कठ्याङ्ग्र्यो)

ओभाउ (ओभायो) ओल्साउ (ओल्सायो) आदि ।

यस प्रकृतिका धातुबाट पूर्ण र अज्ञात पक्ष तथा सम्भावनार्थका रूप बनाउँदा धातुमा रहेका अन्तिमको स्वर वर्ण 'ए' मा रूपान्तर भएको पाइन्छ । जस्तै-

पूर्ण पक्ष - अड्क (अड्क्+ ए+को - अड्केको) अल्प (अल्प्+ ए+को - अल्पेको)

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

उभिन्डि (उभिन्ड्+ ए+को - उभिन्डेको) कठ्याङ्ग्रि (कठ्याङ्ग्र्+ ए+को - कठ्याङ्ग्रेको)

ओभाउ (ओभा+ए+को - ओभाएको) ओल्साउ (ओल्सा+ए+को - ओल्साएको) आदि ।

इकारान्त धातुबाट बनेका पूर्ण पक्षका क्रियामा विकल्पमा 'इ' लोप भएको पाइन्छ । उभिन्डिएको, कठ्याङ्ग्रिएको जस्ता रूप पनि हुन्छन् ।

अज्ञात पक्ष -अड्क (अड्क्+ए+छ - अड्केछ) अल्प (अल्प्+ए+छ - अल्पेछ)

ओभाउ (ओभा+ए+छ - ओभाएछ) ओल्साउ (ओल्सा+ए+छ - ओल्साएछ) आदि ।

इकारान्त धातुबाट बनेका अज्ञात पक्ष र सम्बावनार्थका क्रियामा 'इ' लोप भएको पाइँदैन । यस प्रकृतिका धातुबाट अज्ञात पक्ष र सम्भावनार्थमा निम्नलिखित रूपहरू हुन्छन् -

अज्ञात पक्ष - उभिन्डि - उभिन्डिएछ कठ्याङ्ग्रि - कठ्याङ्ग्रिएछ आदि ।

सम्भावनार्थ - उभिन्डि - उभिन्डिएला कठ्याङ्ग्रि - कठ्याङ्ग्रिएला आदि ।

यस प्रकृतिका धातुबाट बनेका अज्ञात पक्ष र सम्भावनार्थक क्रियामा धातुपछाडि 'ए' आगम भएको छ । अनेकाक्षरी स्वरान्त धातुमा ओभाउ, ओल्साउ आदि द्विस्वरान्त पनि रहेका छन् । अकारान्त र इकारान्त अनेकाक्षरी धातुबाट द्वितीय पुरुष, एकवचन, निम्न आदरको आज्ञार्थकमा रूपान्तर गर्दा धातुको अन्तमा रहेका 'अ' र 'इ' लोप भएर 'ई' प्रत्यय लाग्छ । जस्तै -

अड्क (अड्की) खुस्क (खुस्की)

उभिन्डि (उभिन्डी) उदाङ्गि (उदाङ्गी) आदि ।

तर उकारान्त धातुको अन्तमा रहेको 'उ' लोप भएर जान्छ । जस्तै -

ओभाउ (ओभा) गाउ (गा)

सेलाउ (सेला) केलाउ (केला) आदि ।

'ह्' उपान्तमा रहेको 'दुहु' धातुबाट द्वितीय पुरुष, एकवचन, निम्न आदरको आज्ञार्थकमा अन्य उकारान्त धातुको रूपान्तरमा जस्तो 'उ' लोप हुने नियमले भेट खाँदैन । उच्चारणमा शब्दमध्यमा स्वर वर्णका साथमा आएको 'ह्' र उपान्तमा आएको 'ह्' लोप हुन्छ र एकाक्षरी उकारान्त धातुको प्रकृतिमा पुग्छ र त्यसैअनुरूप रूपान्तर हुन्छ । जस्तै - दुहु (दो) । यसरी स्वरान्त मूल धातु एकाक्षरी र अनेकाक्षरी गरी दुई प्रकारका छन् । नेपालीमा आउ, लाउ, छाउ, पाउ आदि द्विस्वरान्त धातु पनि पाइन्छन् । सबै खाले स्वरान्त धातुका आआफ्नै विशेषता देखिएका छन् ।

**व्यञ्जनान्त धातु :** व्यञ्जन अन्तमा आउने धातुलाई व्यञ्जनान्त धातु भनिन्छ । नेपाली भाषामा व्यञ्जनान्त धातु एकाक्षरी र अनेकाक्षरी दुवै किसिमका पाइन्छन् ।

***व्यञ्जनान्त एकाक्षरी धातु :*** एकभन्दा बढी ध्वनिबाट बनेका भए पनि यस किसिमका धातु एक अक्षरका मात्र हुन्छन् । जस्तै - कप्, खप्, खेल्, गर्, घुम्, चुम्, छाम्, टोक्, ठोक्, ढोग्, तान्, थाम्, धान्, पढ्, भन्, लाग्, लेख्, सर् आदि ।

***अनेकाक्षरी व्यञ्जनान्त धातु :*** एकभन्दा बढी अक्षरबाट संरचित व्यञ्जन अन्तमा आउने धातुलाई अनेकाक्षरी व्यञ्जनान्त धातु भनिन्छ । जस्तै - अँगाल्, अर्जाप्, उखाल्, ओकल्, कोतार्, खँदार्, गिजोल्, घसेट्, चिथोर्, छिनाल्, ढकाल्, तिखार्, दोचार, धिक्कार्, निखार्, पगाल्, पछार्, पसार्, पिरोल्, फट्कार्, फिसोल्, फुकाल्, मन्तर्, रयाल्, लघार् सम्हाल्, झपार् आदि ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

व्यञ्जनान्त धातु ककारान्त, खकारान्त, गकारान्त, घकारान्त, चकारान्त, छकारान्त, जकारान्त, झकारान्त, टकारान्त आदि हुन्छन् ।

ककारान्त - जाक्, झुक्, टिक्, ठोक्, ताक्, पाक्, रोक्, सक्, सिक् आदि ।

खकारान्त - चाख्, जोख्, पख्, पोख् , राख्, लेख् आदि ।

गकारान्त - जाग्, ठग्, ढोग्, बग्, भाग्, भोग्, माग्, लाग्, हग्आदि ।

घकारान्त - ऊँघ्, सुँघ् , नाघ् आदि ।

ङकारान्त - उङ्, रिङ्, सुङ्आदि ।

चकारान्त- कोच्, खिच्, घिच्, घोच्, जाँच्, थिच्, नाच्, पच्, भाँच्, मिच्, साँच् आदि ।

छकारान्त - ताछ्, पाछ्, लाछ्, पुछ्, मुछ् आदि ।

जकारान्त- गाँज्, दाँज्, पुज्, भज्, रोज्, सज् आदि ।

झकारान्त - बाझ्, बुझ्, माझ् आदि ।

टकारान्त - कुट्, चाट्, झाँट् , ढाँट्, पिट्, फाट्, फिट्, भुट्, रेट्, साट्, हट् आदि ।

ठकारान्त - उठ्, चुठ्, निमठ् आदि ।

डकारान्त - उड्, गाड्, छाड्, छेड्, छोड्, तोड्, सड्, हिँड् आदि ।

ढकारान्त - ओढ्, काढ्, गाढ्, चढ्, पढ्, बढ् आदि ।

तकारान्त - ओत्, कात्, चेत्, थुत्, धत्, पोत्, मात् , रेत्, सुत् आदि ।

थकारान्त - कथ्, गाथ्, गुँथ्, मथ् आदि ।

दकारान्त - कुद्, खाँद्, गोद्, छाद्, पाद्, लाद् आदि ।

धकारान्त - बाँध्, बेध्, साध् आदि ।

नकारान्त - उन्, कन्, खन्, चुन्, छान्, जान्, झान्, तान् , तुन्, थुन्, मान्, सुन् आदि

पकारान्त- - कप्, खाप्, च्याप्, जप्, ताप्, थाप्, नाप्, लिप्, हाप् आदि ।

बकारान्त - चोब्, दब्, दाब्, फाब् आदि ।

भकारान्त - गाभ् आदि ।

मकारान्त - काम्, गम्, घुम्, चुम्, छाम्, जम्, थाम्, रम्, होम् आदि ।

रकारान्त - खार्, झपार्, तिखार्, पदार्, फिर्, भर्, मर्, सर्, सार्, हार् आदि ।

लकारान्त - खुल्, खेल्, चाल्, झेल्, टाल्, ढाल्, थाल्, दल्, पाल्, फाल् आदि ।

सकारान्त - कस्, कौलास्, खस्, गाँस्, घस्, चुस्, झोस्, टाँस्, तास्, धस्, पस्, बस्, मुस् आदि ।

फकारान्त, यकारान्त, वकारान्त, शकारान्त, षकारान्त र हकारान्त व्यञ्जनान्त धातु नेपालीमा पाइएका छैनन् । झ्, ठ्, भ् अन्तमा हुने धातु नगण्य मात्रामा फेला परेका छन् । पुर्बेली नेपालीमा णकारान्त धातु पाइँदैनन् तर सुदूरपश्चिमेली नेपालीमा कण्, खुकुण्, चिण् आदि णकारान्त धातु पनि फेला परेका छन् ।

***व्युत्पन्न धातु***

प्रत्यय लागेर बनेका धातुलाई व्युत्पन्न धातु भनिन्छ । यस्ता धातु निर्माण हुँदा कि त धातुमा नै प्रत्यय लाग्छन् कि त नामिक पदमा प्रत्यय लागेर नयाँ धातु बन्छन् । व्युत्पन्न धातुलाई नेपाली भाषाविद्हरूले प्रातिपदिक भन्नुपर्छ भन्ने प्रस्ताव गरेका छन् (पोखरेल, २०५४, पृ. ९) । नेपाली परम्पराले भन्ने गरेको प्रेरणार्थक र भावकर्म वाच्यात्मक

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

धातुलाई वास्तवमा धातु नभनेर प्रातिपदिक भन्नु युक्तिसङ्गत हुने पोखरेलको धारणा छ । यस अध्ययनमा परम्परालाई नै पछ्याइएको छ । परम्पराअनुसार व्युत्पन्न धातु दुई प्रकारका छन् ।

**नामधातु :** क्रियालाई छाडेर संज्ञा, विशेषण र क्रियाविशेषणमा ‘आउ’ र ‘इ’ प्रत्यय लगाएर नामधातु बनाइन्छ । हिन्दीमा सर्वनाममा पनि प्रत्यय लागेर नामधातु बन्ने उल्लेख पाइन्छ (गौडी, सन् २०१५, पृ. ३७) । नेपाली भाषाका जुम्लीसिँजाली, दैलेख कालीकोटे र भेरीक्षेत्रीय भाषिकाहरूमा सर्वनामबाट पनि नामधातु बनेको उदाहरण पाइन्छ (गिरी, २०७८, पृ. ३०) । उनले ‘आफ्नो’ बाट ‘आफ्निनु’ बनेको उदाहरण दिएका छन् । तसर्थ क्रियाका रूपमा व्युत्पन्न हुने जुन पदको पहिलो रूप नाम, विशेषण र क्रियाविशेषण हुन्छ त्यस्तो प्रातिपदिकलाई संस्कृत व्याकरणको परम्पराअनुसार नेपालीमा नामधातु भन्ने चलन छ (पोखरेल, २०५४, पृ. १०) । नामधातु पनि कर्तृवाच्यीय र अकर्तृवाच्यीय गरी दुई प्रकारका छन् ।

***कर्तृवाच्यीय नामधातु :*** नाम, विशेषण, क्रियाविशेषण र अनुकरणात्मक शब्दमा ‘आउ’ प्रत्यय लागेर बनेका धातुलाई कर्तृवाच्यीय नामधातु भनिन्छ ।

नामबाट बनेका कर्तृवाच्यीय नामधातु : मुन्टो मुन्ट्याउ हात हत्याउ

लात लत्याउ गोबर गोब्र्याउ

ढुटो ढुट्याउ झिम्को झिक्याउ आदि ।

विशेषणबाट बनेका कर्तृवाच्यीय नामधातु : चिसो चिस्याउ घोप्टो घोप्ट्याउ

मैलो मैल्याउ चेप्टो चेप्ट्याउ

थेप्चो थेप्च्याउ लामो लम्याउ आदि ।

क्रियाविशेषणबाट बनेका कर्तृवाच्यीय नामधातु : भित्र भित्र्याउ बाहिर बाहिर्‍याउ

नजिक नजिक्याउ टाढा टढ्याउ आदि ।

अनुकरणात्मक शब्दबाट बनेका कर्तृवाच्यीय नामधातु

झमझम झमझमाउ चमचम चमचमाउ

थरथर थरथराउ भरभर भरभराउ

बरबर बरबराउ हिनहिन हिनहिनाउ आदि ।

नाम, विशेषण, क्रियाविशेषण र अनुकरणात्मक शब्दमा पहिले ‘इ’ प्रत्यय थपेर अकर्तृवाच्यको धातु बनेपछि मात्र ‘आउ’ प्रत्यय लगाउँदा नामधातु बन्दछन् ।

| **नामिक शब्द** | **अकर्तृवाच्यीय धातु** | **नामधातु** |
|---|---|---|
| चोक्टो | चोक्टि | चोक्ट्याउ |
| चुल्ठो | चुल्ठि | चुल्ठ्याउ |
| चिसो | चिसि | चिस्याउ |
| चेप्टो | चेप्टि | चेप्ट्याउ |
| होचो | होचि | होच्याउ |
| नजिक | नजिकि | नजिक्याउ |
| टाढा | टाढि | टढ्याउ आदि । |

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

माथिका नामिक शब्दका अन्तमा रहेका स्वर वर्ण 'ओ', 'अ' र 'आ' लाई लोप गरी 'इ' प्रत्यय लगाउँदा अकर्तृवाच्यीय नामधातु बनेका छन् । अकर्तृवाच्यीय प्रत्येक नामधातुको अन्तमा रहेको 'इ' प्रत्यय र 'आउ' को प्रारम्भिक स्वर 'आ' को योग हुँदा रूपको अन्तमा रहेको 'इ' को 'य्' मा परिवर्तन हुन्छ र 'आउ' मा जोडिँदा 'याउ' बन्छ । यसपछि चोक्ट्याउ, चुल्ठ्याउ, चिस्याउ, चेप्ट्याउ, होच्याउ, नजिक्याउ आदि रूप निर्माण भई कर्तृवाच्यीय नामधातु बनेका छन् । यो मान्यता पाणिनीय व्याकरणको 'इकोयणऽचि' को मान्यतासँग मेल खान्छ । अनुकरण शब्दबाहेक अन्य शब्दबाट नामधातु बनाउँदा पहिले अकर्तृवाच्यीय नामधातु बनाउनुपर्दो रहेछ अनि कर्तृवाच्यीय नामधातु बनाउनुपर्दो रहेछ । माथिका उदाहरणमा चोक्टो, चुल्ठो, चिसो, चेप्टो, होचो, नजिक र टाढा नामिक शब्दमा 'इ' प्रत्यय लागेर अकर्तृवाच्यीय धातु क्रमशः चोक्टि, चुल्ठि, चिसि, चेप्टि, होचि, नजिकि र टाढि बनेका छन् र यी अकर्तृवाच्यीय धातुमा 'आउ' प्रत्यय लागेर चोक्ट्याउ, चुल्ठ्याउ आदि नामधातु बनेका छन् । यसरी कतिपय नामिक शब्दबाट सिधै कर्तृवाच्यीय नामधातु बनाउन सकिँदो रहेनछ भन्ने माथिका उदाहरणबाट सिद्ध हुन्छ । यसबाट कर्तृवाच्यीय धातुबाट बनेका क्रिया मात्र आधार संरचना नभएर अकर्तृवाच्यीय धातुबाट बनेका क्रिया पनि आधार संरचना हुँदा रहेछन् भन्ने पुष्टि हुन्छ ।

अनुकरणात्मक शब्दबाट नामधातु बनाउँदा पनि सुरुमा 'इ' प्रत्यय थपी अकर्तृवाच्यीय धातु निर्माण गरिसकेपछि मात्र 'आउ' प्रत्यय लगाउँदा नामधातु निर्माण हुन्छन् । कर, किर, चल, झल, तल, थिल, फर, लप आदि अनुकरण मूलबाट प्रातिपदिक नामधातु निर्माण हुन सक्दैनन् । द्विरुक्त अनुकरणात्मक शब्द करकर, किरकिर, चलचल, झलझल, तलतल, थिलथिल, फरफर आदि द्विरुक्त अनुकरणबाट मात्र नामधातु निर्माण हुन सक्छन् ।

***अकर्तृवाच्यीय नामधातु :*** चोक्टो, चुल्ठो, चिसो, चेप्टो, होचो, नजिक, टाढा आदि नामिक शब्दमा 'इ' प्रत्यय लागेर बनेका चोक्टि, चुल्ठि, चिसि, चेप्टि, होचि, नजिकि, टाढि आदि अकर्तृवाच्यीय नामधातु हुन् । घुरघुर, खजमज, दरफर, झनझन, ठुस्स, फुस्स, थ्याच्च, तुर्लुङ्ग, ठिङ्ग, छर्लङ्ग आदि अनुकरणात्मक शब्दमा 'इ' प्रत्यय थपिएपछि बनेका घुरघुरि, खजमजि, दरफरि, झनझनि, ठुस्सि, फुस्सि, थच्चि, तुर्लुङ्गि, ठिङ्गि, छर्लङ्गि आदि अकर्तृवाच्यीय नामधातु हुन् । अकर्तृवाच्यीय नामधातु नामिक शब्द र अनुकरणात्मक शब्द दुबैबाट निर्माण हुन्छन् ।

संस्कृत नामिक शब्दबाट बनेका नेपाली नामधातु

| **संस्कृत नाम** | **नेपाली नामधातु** | **क्रिया** |
|---|---|---|
| माप | नाप् | (नाप्छ) |
| सुप्त | सुत् | (सुत्छ) |
| स्वीकार | स्विकार् | (स्विकार्छ) |
| क्षौर | खौर | (खौरन्छ) |
| विचार | बिचार् | (बिचार्छ) |
| आकाश | अकासि | (अकासिन्छ) |

संस्कृत भाषामा रहेका नामिक शब्दबाट पनि नेपालीमा नामधातु बनेका धेरै उदाहरण पाइन्छन् ।

**प्रेरणार्थक धातु :** पोखरेल (२०५४) ले प्रेरणार्थक धातुलाई प्रेरणार्थक प्रातिपदिक भनेका छन् । कुनै धातु वा प्रातिपदिकपछाडि प्रायः 'आउ' थप्दा प्रेरणार्थक प्रातिपदिक बन्छ । उनले धातु वा प्रातिपदिक भनेर धातुका विकल्पमा प्रातिपदिक भनेका छन् तर प्रातिपदिक शब्दले धातु निर्माण हुन प्रत्यय लाग्ने प्रातिपदिकलाई मात्र सङ्केत नगरेर अन्य नामिक प्रातिपदिकलाई पनि सङ्केत गर्ने हुनाले यस अध्ययनमा प्रेरणार्थक धातु नै भनिएको छ । मूल धातुमा 'आउ' प्रत्यय थपेपछि प्रेरणार्थक धातु बन्ने दाहाल (सन् १९७४) ले उल्लेख गरेका छन् । जस्तै -

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

गर् + आउ = गराउ पढ् + आउ = पढाउ

बस् + आउ = बसाउ लेख् + आउ = लेखाउ

खेल् + आउ = खेलाउ सुत् + आउ = सुताउ आदि ।

कतिपय एकाक्षरी धातुलाई प्रेरणार्थक बनाउन 'आउ' प्रत्यय लगाउँदा व्यञ्जनका साथमा आएको 'आ' ध्वनि 'अ' मा परिवर्तन हुन्छ । जस्तै -

छान् + आउ = छनाउ जान् + आउ = जनाउ

ढाल् + आउ = ढलाउ तान् + आउ = तनाउ

नाच् + आउ = नचाउ पाक् + आउ = पकाउ

बाँध् + आउ = बँधाउ लाग्+ आउ = लगाउ

साट् + आउ = सटाउ हाँस् + आउ = हँसाउ आदि ।

तर कतिपय एकाक्षरी धातुलाई प्रेरणार्थक बनाउँदा सुरुको व्यञ्जनका साथमा आएको 'अ' ध्वनि विवृतीकरण भई 'आ' मा परिवर्तन हुन्छ । 'अ' ध्वनि 'आ' मा रूपान्तर हुनु विवृतीकरण हो । जस्तै -

झर् > झार् सर् > सार्

टर् > टार् तर् > तार्

ढल् > ढाल् पर् > पार्

बल् > बाल् आदि ।

कतिपय एकाक्षरी धातुलाई प्रेरणार्थक बनाउँदा सुरुको व्यञ्जनका साथमा आएको 'इ' ध्वनि 'ए' मा र 'उ' ध्वनि 'ओ' मा परिवर्तन हुन्छ । 'इ' को विवृतीकरण 'ए' र 'उ' को विवृतीकरण 'ओ' हो । जस्तै -

मुड् > मोड् जुर् > जोर्

खुल् > खोल् फुट् > फोड्

जुट् > जोड् छुट् > छोड्

बिक् > बेच् आदि ।

यस्ता धातुहरू कट्, खुल्, गड्, गल्, चल्, छुट्, जँच्, जुट्, टुट्, डुब्, ढल्, तर्, पर्, बल, बिक्, मर्, मुढ्, सर् आदि हुन् (पोखरेल, २०५४, पृ. १२) । अ, इ, ए को विवृतीकरणबाट आ, ए ओ मा रूपान्तर भई बनेका शब्द मूल प्रेरणार्थक धातु हुन् । यी प्रातिपदिक धातुहरूमा 'आउ' थपेर द्वितीयक प्रेरणार्थक बनाउन सकिन्छ । एकाक्षरी इकारान्त र उकारान्त धातु धातुलाई प्रेरणार्थक बनाउन 'आउ' प्रत्यय थप्दा इकारान्त धातुपछाडि 'य्' र उकारान्त धातुपछाडि 'व्' आगम भएको पाइन्छ । जस्तै -

दि + आउ = दियाउ लि + आउ = लियाउ

छु + आउ = छुवाउ रु + आउ = रुवाउ आदि ।

उपान्तमा र्, ल्, स् आएका 'अ' स्वरान्त अनेकाक्षरी धातुलाई प्रेरणार्थक बनाउदा अप्रेरणार्थक धातुमा रहेको अन्तको 'अ' स्वर् 'आ' मा रूपान्तर भई र्, ल्, स् सित विपर्यय हुन्छ । जस्तै -

लत्र > लतार् लोप्र > लोपार्

उक्ल > उकाल् उर्ल > उराल्

ओर्ल > ओराल् निक्ल > निकाल्

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

फुक्ल > फुकाल्   उक्स > उकास् आदि ।

यस्तै प्रकृतिका कतिपय धातुलाई प्रेरणार्थक बनाउँदा माथिको नियम लाग्दैन । जस्तै -

कुप्र >    *कुपार्   कक्र >    *ककार्

खोस्र >   *खोसार् बाक्ल > *बाकाल्

भर्स >    *भसार्   तर्स >    *तसार् आदि ।

शब्दको बायाँतिर माथि दिइएको * चिह्नले 'हुँदैन' भन्ने अर्थ दिन्छ । यी धातुलाई प्रेरणार्थक बनाउँदा अन्तमा रहेको 'अ' स्वर लोप गरी अकर्तृवाचक प्रत्यय 'इ' लगाएर प्रेरणार्थक प्रत्यय 'आउ' थप्नुपर्छ । जस्तै -

कुप्र + इ 'कुप्रि' + आउ = कुप्र्याउ      कक्र + इ 'कक्रि' +आउ = कक्र्याउ

खोस्र + इ 'खोस्रि' + आउ = खोस्र्याउ बाक्ल + इ 'बाक्लि' + आउ = बक्ल्याउ

भर्स + इ 'भर्सि' + आउ = भर्स्याउ

'तर्स' धातुमा सिधै 'आउ' प्रत्यय लगाएर 'तर्साउ' बनाइन्छ ।

यस प्रकृतिका धातुलाई प्रेरणार्थक बनाउँदा पोखरेल (२०५४) ले उत्रि, उम्रि, कोत्रि, लत्रि, लोप्रि, उक्लि, उर्लि, ओर्लि, निक्लि, फुक्लि, उक्सि आदि अकर्तृवाचक धातुलाई मूल धातु मानेका छन् र धातुका अन्तको इकार लोप गरी प्रेरणार्थक प्रत्यय 'आउ' को 'उ' पनि लोप गर्ने र बाँकी रहेको 'आ' धातुको अन्तमा रहेको र, ल, स् सित विपर्यय गरेपछि उतार्, उमार्, कोतार्, लतार्, लोपार्, उकाल्, उराल्, ओराल्, निकाल्, फुकाल्, उकास् आदि धातु बन्ने तर्क राखेका छन् ।  रेग्मी (२०६०) ले अन्त्यमा र्, ल् एवम् स् हुने केही अकारान्त र इकारान्त समानार्थी धातुहरूमा मध्यसर्ग 'आ' को प्रयोगबाट प्रथम प्रेरणार्थक संरचना बन्ने तर्क राखेका छन् । उपाध्याय (२०५५, पृ. ७–८) ले यस्ता इकारान्त धातुलाई 'इ' परसर्गबाट व्युत्पन्न आत्मनेपदी धातु मानेकी छन् भने रेग्मी (सन् १९९९) ले यस्ता धातुलाई 'इ' परसर्गबाट व्युत्पन्न प्रतिप्रेरणार्थक मानेका छन्।

कट्, गड्, झर्, टर्, तर्, बल् आदि धातुलाई प्रेरणार्थक बनाउँदा यी एकाक्षरी धातुमा अक्षर निर्माणका आएको 'अ' ध्वनि 'आ' मा रूपान्तर भई काट्, गाड्, झार्, टार्, तार्, बाल् आदि रूप हुने मान्यता छँदैछ । उपर्युक्त उत्र, उम्र, लत्र, लोप्र, उक्ल, उर्ल, ओर्ल, निक्ल, फुक्ल, उक्स आदि अनेकाक्षरी धातुको अन्तिम अक्षर निर्माणका लागि आएको 'अ' ध्वनि प्रेरणार्थक बनाउँदा 'आ' मा रूपान्तर हुने अनि र, ल, स सित विपर्यय भई अगिल्लो व्यञ्जन ध्वनिसित मिलेर अन्तिम अक्षर निर्माण भएको हो भन्ने मान्यता अगि सार्न सकिन्छ । यस्ता धातुहरू उफ्रि, उभ्रि, उत्रि, उघ्रि, उग्लि, उर्लि, पग्लि, बज्रि, तेब्रि, दोब्रि, निक्लि, बिग्रि, घिस्रि, लत्रि, सुध्रि, उम्रि, उम्लि, उक्लि, उध्रि, ओर्लि, पघ्रि, फुक्लि, थुप्रि, निथ्रि, निख्रि, गुज्रि, घस्रि, सप्रि, लोप्रि आदि हुन् (दाहाल, सन् १९७४, पृ. ३६८-३७०) तर अकर्तृवाचक 'इ' प्रत्यय लागेको हुँदा यी धातुहरू मूल धातु नभएर व्युत्पन्न धातु हुन् । उक्त प्रकृतिका मूल धातु चाहिँ उफ्र, उभ्र, उत्र, उघ्र, उग्ल, उर्ल, पग्ल, बज्र, तेब्र, दोब्र, निक्ल, बिग्र, घिस्र, लत्र, सुध्र, उम्र, उम्ल, उक्ल, उक्स, उध्र, ओर्ल, पघ्र, फुक्ल, थुप्र, निथ्र, निख्र, गुज्र, घस्र, सप्र, लोप्र आदि अकारान्त हुन् । उक्स धातुबाट चाहिँ प्रेरणार्थकमा उक्साउ र उकास् दुवै हुन्छ (पोखरेल, २०५४, पृ. १३) । खस्, चुँड्, छिन्, पस्, बस् आदि धातुबाट प्रेरणार्थक बनाउँदा 'आल्' र 'आउ' दुवै प्रत्यय लाग्छन् (पोखरेल, २०५४, पृ. ११) । जस्तै -

खस् + आल = खसाल्       खस् + आउ = खसाउ

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

| | |
|---|---|
| चुँड् + आल = चुँडाल् | चुँड् + आउ = चुँडाउ |
| छिन् + आल = छिनाल् | छिन् + आउ = छिनाउ |
| पस् + आल = पसाल् | पस् + आउ = पसाउ |
| बस् + आल = बसाल् | बस् + आउ = बसाउ आदि । |

माथिका उदाहरणमा खस्, चुँड्, छिन्, पस्, बस् आदि धातुमा 'आल्' प्रत्यय लगाउँदा क्रमशः खसाल्, चुँडाल्, छिनाल्, पसाल्, बसाल् प्रेरणार्थकमा परिवर्तन भएका छन् । दोस्रो वर्गमा यिनै धातुमा 'आउ' प्रत्यय लगाउँदा प्रेरणार्थक धातु खसाउ, चुँडाउ, छिनाउ, पसाउ, बसाउ मा रूपान्तर भएका छन् ।

***प्रेरणार्थकमा रूपान्तर हुन नसक्ने धातु :*** अराउ, आउ, ओइलाउ, चियाउ, छाउ, दाउ, धाउ, निदाउ, पाउ, बियाउ, भ्याउ, मस्काउ आदि अन्तमा 'आउ' भएका धातुलाई प्रेरणार्थक प्रातिपदिकमा रूपान्तरण गर्न नसकिने (पोखरेल, २०५४, पृ. ११) ले उल्लेख गरेका छन् । यो प्रवृत्ति भएका धातु अरू पनि छन् । जस्तै - उक्काउ, उगाउ, उजाउ, उत्ताउ, उब्जाउ, ओभाउ, कराउ, गाउ, गोटाउ, चपाउ, चबाउ, चिताउ, च्याउ, जुर्मुराउ, धपाउ, पलाउ, पत्याउ, पलाउ, पुऱ्याउ, फट्टाउ, फिँजाउ, बाउ, बिराउ, बिसाउ, ब्याउ, लाउ, लोटाउ, साउ, सुहाउ आदि ।

चाह, छ, जा, कह, बह, रह, सह, हु/हो, इन्कार्, हकार्  आदि धातुलाई पनि प्रेरणार्थक बनाउन नसकिने पोखरेल (२०५४) ले उल्लेख गरेका छन् । उनकाअनुसार अनेकाक्षरी धातुको अन्तिम अक्षरको केन्द्रमा 'आ' छ भने त्यस्ता धातुलाई पनि प्रेरणार्थक प्रातिपदिकमा रूपान्तर गर्न सकिँदैन । जस्तै - खँदार्, झपार्, तिखार्, पखाल्, पछार्, फलाक्, बटार्, बढार्, बराल्, सराप्, सिँगार्, हकार् आदि । यी अनेकाक्षरी सबै धातुको दोस्रो अक्षरको केन्द्रमा 'आ' आएको छ । कुनै प्रत्यय लगाउँदा पनि यी धातुहरू प्रेरणार्थकमा रूपान्तरित हुन सक्तैनन् ।

### नेपाली धातुको स्रोत संरचना

धेरैजसो नेपाली धातुहरू संस्कृत स्रोतबाट संरचना भएका छन् । यी धातुहरूमध्ये कुनै संस्कृतबाट सिधै नेपालीमा प्रयोग हुन आएका छन् । यस प्रकारका धातुलाई संस्कृत तत्सम धातु भन्ने गरिन्छ । कुनै धातु संस्कृतमा जुन रूपमा प्रयोग हुन्छ त्यसमा परिवर्तन भई नेपालीमा प्रयोग हुन आएका छन् । ती धातुलाई संस्कृत तद्भव धातु भनने गरिन्छ । कुनै धातु प्राकृत भाषाबाट आएका छन् भने कुनै चाहिँ संस्कृत, प्राकृतभन्दा अरू नै कुनै भाषाबाट नेपाली भाषामा आएर प्रयोग भएका छन् । यसरी विभिन्न स्रोतबाट नेपाली भाषामा आई संरचित भएका धातुहरूलाई यहाँ उल्लेख गरिएको छ ।

#### (क) संस्कृत तत्सम धातु

| संस्कृत धातु | नेपाली धातु | क्रिया | संस्कृत धातु | नेपाली धातु | क्रिया |
|---|---|---|---|---|---|
| खट् | खट् | (खट्छ) | खन् | खन् | (खन्छ) |
| गल् | गल् | (गल्छ) | फल् | फल् | (फल्छ) |
| मिल् | मिल् | (मिल्छ) | रुच् | रुच् | (रुच्छ) |
| लड् | लड् | (लड्छ) | गम् | गम् | (गम्छ) |
| भज् | भज् | (भज्छ) | पच् | पच् | (पच्छ) |

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

**(ख) संस्कृत तद्‌भव धातु**

| संस्कृत धातु | नेपाली धातु | क्रिया | संस्कृत धातु | नेपाली धातु | क्रिया |
|---|---|---|---|---|---|
| क्रन्द | कराउ | (कराउँछ) | कम्प | काँप्, काम् | (काँप्छ, काम्छ) |
| स्खल | खस् | (खस्छ) | त्रुट | टुट् | (टुट्छ) |
| तक्ष | ताछ् | (ताछ्छ | स्फुट | फुट् | (फुट्छ) |
| वह | बह | (बहन्छ) | लग | लाग | (लाग्छ) |

**(ग) प्राकृत तत्सम धातु**

| संस्कृत धातु | प्राकृत धातु | नेपाली धातु | क्रिया |
|---|---|---|---|
| खाद् | खा | खा | (खान्छ) |
| तुड | तोड् | तोड् | (तोड्छ) |
| मृद् | मल् | मल् | (मल्छ) |
| या | जा | जा | (जान्छ) |

**(घ) प्राकृत तद्‌भव धातु**

| प्राकृत धातु | नेपाली धातु | क्रिया |
|---|---|---|
| अग्घाव | अघाउ | (अघाउँछ) |
| उग्गर | उग्राउ | (उग्राउँछ) |
| उङ्घ | उँघ् | (उँघ्छ) |
| उच्छिन्द | उछिन् | (उछिन्छ) |
| भुण् | भन् | (भन्छ) |
| सुण् | सुन् | (सुन्छ) |
| चिण् | चिन् | (चिन्छ) |
| जाण् | जान् | (जान्दछ) |

माथिका उदाहरणमा आएका अग्घाव, उग्गर, उङ्घ, उच्छिन्द, भुण्, सुण्, चिण्, जाण् आदि प्राकृत भाषामा भएका धातु हुन् । यी सबै धातुहरू रूप परिवर्तन भएर नेपाली भाषामा प्रयोग हुन्छन् । भुण्, सुण्, चिण्, जाण् आदि धातु सुदूरपश्चिममा बोलिने नेपालीका भाषिकामा अद्यापि प्रयोग हुन्छन् ।

## निष्कर्ष

एउटा मात्र केन्द्रक भएका एकाक्षरी धातुमा द्विस्वर (आउ), स्वव्य (उठ्), व्यस्व (जा, खा), व्यस्वव्य (पढ्, लेख्, हिँड्), व्यव्यस्व (ब्याउ, भ्याउ, ल्याउ) आदि विशेषता पाइन्छन् । सुरुमा दुईओटा व्यञ्जन आउने धातु प्रायः द्विस्वरान्त हुन्छन् । मूल धातुमा एकाक्षरी र अनेकाक्षरी दुवै विशेषता पाइन्छन् भने व्युत्पन्न धातु अनेकाक्षरी मात्र हुन्छन् । 'याउ' प्रत्यय लगाएर पनि नामधातु बनाउन सकिने परम्परागत व्याकरणमा उल्लेख भएको कुरालाई यस अनुसन्धानमा खण्डन गरी घोक्रो, मुन्टो, मिठो, चेप्टो आदि नामिक शब्दमा अकर्तृवाचक प्रत्यय 'इ' लगाएपछि शब्दको अन्त्यमा रहेको स्वर लोप हुन्छ र 'इ' गाँसिएपछि घोक्रि, मुन्टि, मिठि, चेप्टि आदि रूप बन्दछ अनि यिनै रूपमा 'आउ' प्रत्यय थपेपछि घोक्र्याउ, मुन्ट्याउ, मिठ्याउ, चेप्ट्याउ धातु बन्ने मान्यता अगि सारिएको छ । नेपालीमा एकारान्त, ओकारान्त, यकारान्त, वकारान्त र हकारान्त धातु पाइएका छैनन् भने भने सुदूरपश्चिमेली भाषिकाहरूमा कण्, चिण्,

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

भुण् आदि णकारान्त धातु पाइएका छन् । यी धातु प्राकृत तत्सम धातुका रूपमा प्रयोग भएको पाइन्छ । स्तरीय तथा पुर्बेली नेपालीमा ‘ण्’ को व्यतिरेक ध्वनि नपाइने हुँदा यी भाषिकामा णकारान्त धातु नपाइनु स्वाभाविकै हो तर सुदूपश्चिमेली भाषिकामा ‘ण्’ ध्वनि ‘न’ सँग व्यतिरेकी रहेको हुनाले णकारान्त धातु पाइएको हो । यस विषयमा थप अध्ययनको आवश्यकता देखिन्छ । स्रोतका आधारमा संस्कृत तत्सम, संस्कृत तद्भव, प्राकृत तत्सम, प्राकृत तद्भव आदि धातुहरू नेपालीमा प्रयोग हुन्छन् । त्यसैगरी संस्कृत नामिक शब्दबाट नेपालीमा बनेका धातुहरू पनि प्रशस्तै छन् । संस्कृतको ‘कृ’ धातुबाट विकृत भई विकास भएको नेपालीको ‘गर्’ धातुका विविध रूप पाइएका छन् । नेपाली भाषाका सुदूरपश्चिम तथा कर्णाली प्रदेशमा बोलिने भाषिकाहरूमा गर्, गन्, हर्, हन्, अर्, अन्, अद् आदि एउटै धातुका विविध रूपहरू पाइएका छन् ।

## सन्दर्भसामग्री


उपाध्याय, मुना (२०५५), *नेपाली भाषा र राष्ट्रिय भाषामा आत्मनेपद र परस्मैपदका व्यतिरेकको अध्ययन*, स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय ।

गिरी, जीवेन्द्र देव (२०७८), *सिम्ताली-नेपाली शब्दकोश*, सिम्ता गाउँपालिका ।

गौड, नीलम (सन् २०१५), *नामधातु क्रियारूपः भाषाशास्त्रीय अध्ययन*, शिवालिक प्रकाशन ।

चतुर्वेदी, सत्यदेव निगमलङ्कार (सन् २०११), *बृहद् वैदिक संहिता धातुकोषः प्रथम भाग, ऋग्वेदधातुकोषः*, प्रतिभा प्रकाशन ।

चापागाईं, नरेन्द्र (२०४०), *भाषातत्त्व*, रत्न पुस्तक भण्डार ।

पण्डित, गुरुराज हेमराज (१९६९), *चन्द्रिका- गोरखाभाषा व्याकरण* (दोसं. २०४२), साझा प्रकाशन ।

पराजुली, कृष्णप्रसाद (२०२३), *राम्रो रचना मीठो नेपाली* (पुनर्मुद्रण २०४८), सहयोगी प्रेस ।

पोखरेल, माधव प्रसाद (२०५४), *नेपाली वाक्य व्याकरण*, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

भट्टराई, रोहिणीप्रसाद (२०३३), *बृहद् नेपाली व्याकरण*, नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान ।

रेग्मी, भीमनारायण (२०६०), नेपाली भाषामा प्रेरणार्थक संरचना, *प्रज्ञा*, ३३ (९८), पृ. ५४-७२ ।

Dahal, Ballabh Mani (1974). *A Discription of Nepali: Literary and Colloquial.* Ph.D. thesis. University of Poona.

Regmi, B.N. (1999). *Rootverb Identification in Nepali: An Alternative Proposal.* Presented Paper in Fifth Conferance of Himali Languages.


*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*